# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०६ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- वित्त मंत्री निर्मला सीतारामनले केंद्रले कर प्रणालीलाई सरल बनाउनको लागि काम गरी रहेको र अब आयकर भरने प्रक्रिया कठिन नरहने बताउनु भएको छ।
- राष्ट्रले आज भारतरत्न बाबा साहेब डा. भीम राव अम्बेडकरलाई उहाँको ७० औं पुण्यतिथि महापरिनिर्वाण दिवसमा श्रद्धाञ्जली अर्पण गर्दैछ।
- उत्तर बंगालमा स्वच्छ पिउने पानी र सरसफाइसँग सम्बन्धित कामको निम्ति 5औँ वित्त आयोगले गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशनलाई ठूलो रकम आवंटित गरेको छ।
- दार्जीलिङ लोकसभा सांसद राजु बिष्टले प्रधानमन्त्री-पोषण (मध्यान्ह भोजन) योजना अन्तर्गतए केन्द्र सरकारले दार्जिलिङ जिल्लाका १०१७ विद्यालयहरूका २०३८२ बालबालिकाहरुलाई लाभान्वित गरिरहेकोमा केन्द्र सरकारलाई आभार व्यक्त गर्नु भएको छ।
- दार्जिलिंग जिल्लाका अधिकांश मतदान केन्द्रहरुमा बीएलओहरुद्वारा विशेष गहन पुनारिक्षणको काम पूरा गरि सकिएको छ।

## सीतारमण - नेतृत्व शिखर सम्मेलन

वित्तमन्त्री निर्मला सीतारमणले केन्द्र सरकार कर प्रणालीलाई सरल बनाउन काम गरिरहेको र आयकरलाई अब कठिन प्रक्रिया मान्नु हुँदैन भनी बताउनु भएको छ। आज नयाँ दिल्लीमा निजी-7- मिडिया संस्थाहरूको शिखर सम्मेलनलाई सम्बोधन गर्नु हुँदै उहाँले नागरिकहरूको उत्थानका लागि आयकर स्ल्याबहरूलाई थप पारदर्शी, सरल र अनुपालनकारी बनाउनु आवश्यक रहेको बताउनु भयो। वित्तमन्त्रीले सीमा शुल्कको आमूल परिवर्तन अर्को प्रमुख कार्य हुने बताउनु भयो। उहाँले सरकारले विगत दुई वर्षदेखि सीमा शुल्कलाई निरन्तर घटाउँदै आएको र सीमा शुल्कलाई सरल र पारदर्शी बनाउन कदम चालिरहेको बताउनु भयो। उहाँले मध्यमवर्गको बचत नघटिरहेको र लगानीमा रूपान्तरण भइरहेको बताउनु भयो। वित्तमन्त्रीले यस वर्ष कुल विकास दर ७ प्रतिशत भन्दा अधिक हुने बताउनु भयो।

## महापरिनिर्वाण दिवस

आज राष्ट्रले भारतरत्न बाबा साहेब डा. भीम राव अम्बेडकरलाई उहाँको ७० औं पुण्यतिथि महापरिनिर्वाण दिवसमा श्रद्धाञ्जली अर्पण गर्दैछ। राष्ट्र निर्माणमा बाबा साहेबको अद्वितीय योगदानलाई उजागर गर्न धेरै कार्यक्रमहरू आयोजना गरिएको थियो। यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, लोकसभा अध्यक्ष ओम बिर्ला र अन्य विशिष्ट व्यक्तिहरूले आज नयाँ दिल्लीस्थित संसद परिसरमा भारतीय संविधानका शिल्पी डा. भीमराव अम्बेडकरलाई उहाँको महापरिनिर्वाण दिवसमा पुष्पांजलि अर्पण गरे।

## मुख्य निर्वाचन अधिकारी बैठक

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीले आज CEO कार्यालयमा एक महत्वपूर्ण बैठक आयोजना गर्नुभयो। यस बैठक विशेष मतदाता सूची पर्यवेक्षक अतिरिक्त मुख्य निर्वाचन अधिकारीहरूए संयुक्त र उप मुख्य निर्वाचन अधिकारीहरूको उपस्थितिमा सम्पन्न भयो। बैठकमा सबै जिल्ला निर्वाचन अधिकारीए इ.आर.ओ तथा १२ जना मतदाता सूची पर्यवेक्षकहरू भर्चुअल माध्यममार्फत सहभागी भएका थिए। बैठकको उद्देश्य निर्वाचन आयोग द्वारा जारी महत्त्वपूर्ण निर्देशनहरूलाई साझा गर्नु तथा राज्यभरि चलिरहेको विशेष गहन पुनारिक्षण प्रक्रियाको अनुगमन गर्नु रहेको बताइएको छ। यस बैठकमा निर्वाचन आयोगबाट आएका तीनजना वरिष्ठ अधिकारीहरू पनि सहभागी भएका थिए।

**एसआईआर**

राज्यमा जारी विशेष गहन संशोधनको समयमा ड्राफ्ट मतदाता सूचीबाट ठूलो संख्यामा नामहरू हटाइने अपेक्षा गरिएको छ। आयोग अनुसारए शुक्रबार रातिसम्म ५४ लाख ५६ हजार ५४१ नामहरू हटाइएको प्रारम्भिक अनुमान प्राप्त भएको छ। यी मध्ये २३ लाख ७१ हजार २३६ मतदाताहरू मृत फेला परेका छन्। बाँकी मतदाताहरू या त पत्ता लगाउन नसकिने स्थानान्तरण भएका अथवा आयोगको अनुसन्धानमा नक्कली पाइएका छन्। यसैबीच निर्वाचन आयोगले राज्यमा दुई नयाँ अधिकारीहरू नियुक्त गरेको छ। बन्दना पोखरियाल र दिव्या मुरुगेसनलाई संयुक्त मुख्य निर्वाचन अधिकारीको रूपमा नियुक्त गरिएको छ। बन्दना पोखरियाल पहिला हावडा नगर निगमको आयुक्त हुनु हुन्थ्योए जबकि दिव्या मुरुगेसन हावडाको अतिरिक्त जिल्ला मजिस्ट्रेटको पदमा हुनु हुन्थ्यो। आयोग अनुसारए यो तथ्याङ्क घर-घरमा फारम वितरण गर्दा बी.एल.ओहरूले सङ्कलन गरेको जानकारीमा आधारित छ। सबै गणना फारमहरू पेश गरिसकेपछि मात्र अन्तिम संख्या स्पष्ट हुनेछए र मेटाइएका नामहरूको संख्या अझ बढी हुन सक्ने सम्भावना छ। मृतक मतदाताहरूका साथैए सूचीमा धेरै मतदाताहरू पनि छन् जसको नाम एकभन्दा बढी ठाउँमा दर्ता भएको छए धेरै जना सरेका छन्ए र धेरै लामो समयदेखि हराइरहेका छन्। राज्यमा घर-घरमा गणना फारामहरू वितरण गर्ने प्रक्रिया 4 नोभेम्बर देखि चलिरहेको छए र फारामहरू बुझाउने अन्तिम मिति 11 डिसेम्बर हो। आयोगको तथ्याङ्क अनुसार पश्चिम बंगालमा कुल मतदाता संख्या सात करोड़ ६६ लाख ३७ हजार ५२६ छ।

**उत्तर बंगाल रकम**

उत्तर बंगालमा स्वच्छ पिउने पानी र सरसफाइसँग सम्बन्धित कामलाई तीव्र गर्ने उद्देश्यले 15औँ वित्त आयोगको तर्फबाट जिल्ला परिषदहरू, महकमा परिषदहरू र गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशनलाई ठूलो रकम आवंटित गरिएको छ। सबै जिल्ला परिषदहरूलाई निर्देश दिइएको छ कि यो रकम वित्त वर्ष 2025-26 को 31 मार्चभन्दा अघि खर्च गरिदिनुपर्छ। वित्त वर्ष समाप्त हुन अब चार महिनाभन्दा कम समय बाँकी रहेको कारणए जिल्ला परिषदहरूको कार्यभार अझ बढ्ने सम्भावना छ। अलीपुरद्वार जिल्ला परिषदलाई 3 करोड 18 लाख रुपियाँ, कूचबिहार जिल्ला परिषदलाई 5 करोड 90 लाख रुपियाँ, दक्षिण दिनाजपुर जिल्ला परिषदलाई 3 करोड 26 लाख रुपियाँ, जलपाईगुडी जिल्ला परिषदलाई 4 करोड 41 लाख रुपियाँए मालदा जिल्ला परिषदलाई 8 करोड 17 लाख रुपियाँ, उत्तर दिनाजपुर जिल्ला परिषदलाई 5 करोड 84 लाख रुपियाँए जीटिएलाई 1 करोड 68 लाख रुपियाँ र सिलिगुडी महकमा परिषदलाई 1 करोड 45 लाख रुपियाँ आवंटित गरिएको छ। यी निधिहरूको उपयोग ग्रामीण र शहरी क्षेत्रमा स्वच्छ पिउने पानीको उपलब्धता, पाइपलाइन मर्मत, शौचालय निर्माण र सरसफाइ परियोजनाहरूमा गरिनेछ।

**रेल सेवा**

इन्डिगो एयरलाइन्स सेवाहरूमा व्यापक अवरोध र बारम्बार उडान रद्द हुने कारणले धेरै यात्री विभिन्न स्थानहरूमा अलपत्र परेका छन्। यात्रीहरूको बढ्दो मागलाई ध्यानमा राखेर दक्षिण पूर्वी रेलवेले तत्काल राहत प्रदान गर्न विशेष रेलहरू सञ्चालन गर्ने निर्णय गरेको छ। यी विशेष रेलहरू प्रभावित यात्रीहरूलाई सुरक्षित र निर्बाध यात्रा उपलब्ध गराउने उद्देश्यले सञ्चालन गर्ने योजना बनाइएको हो।

**प्रधानमन्त्री पोषण – राजु बिष्ट**

प्रधानमन्त्री-पोषण (मध्यान्ह भोजन) योजना अन्तर्गत केन्द्र सरकारले दार्जिलिङ जिल्लाका १०१७ विद्यालयहरू २०३८२ बालबालिकालाई लाभान्वित गरिरहेको जानकारी दार्जीलिङका लोकसभा सांसद एवं भाजपाका राष्ट्रिय प्रवक्ता राजु बिष्टले बताउनु भएको छ। उहाँले कालेबुङ जिल्लाका ४६३ विद्यालयहरू प्रत्येक विद्यालय दिन १५०५६ बालबालिकालाई प्रधानमन्त्री-पोषण (मध्यान्ह भोजन) योजनाले लाभान्वित गरिरहेको थप जानकारी दिनुहुदै उहाँले भारत सरकार अनि प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा आफ्नो निर्वाचन क्षेत्रको दुर्गम कुनाहरूमा हाम्रा बालबालिकाहरूलाई सहयोग गरिरहनुभएको मा आभार व्यक्त गर्नुभएको छ।

## पहाडमा डल्बु बि सि एस केन्द्र

घूम जोरबङलो पिपल्स अर्गनाइजेसनले एक पत्रकार भेला गरेर पश्चिम बंगालमा दुई सालको अन्तरालमा सम्पन्न हुन गइरहेको डल्बुबिसिएसको सबै परीक्षा केन्द्र जीटिए क्षेत्रमा गर्ने माग उठाएको अद्यक्ष सांगे डुक्पाले प्रेशमा बताउनु भएको छ।

*यस साल परीक्षाको निम्ति आवेदन १८ नोभेम्बरदेखि ९ दिशम्बरसम्म अनलाइन फारम भर्न सकिने छ। यस परीक्षा बिषयमी बोल्नु हुँदै अद्यक्ष डुक्पाले भन्नु भयो अस्सी नब्बेको दशकमा यो परीक्षाकोसबै बिषयको केन्द्र दार्जीलिङ पहाडमा जनवरी महीनामा हुन्थ्यो तर अहिले भने धेरै सालदेखि यो परीक्षाको प्रथम जाँच परीक्षा मात्रै यहाँ भएर यसमा छनौट हुने उम्मेदवारहरूले मुख्य बिषयमा परीक्षा दिन गरम मौसमको समय अप्रेल मईतिर कलकत्ता जानै पर्नेछ। जसमा कतिपय पढेका युवा युवती बिपन्न परिवारका हुन्छन् । सबै कलकत्ता गएर परीक्षा बस्न सक्तैन। यसर्थ पहाडमा भएका स्थानीय सरकार जीटिए कार्यपाल अनित थापाले डब्लु बि सि एस परीक्षा केन्द्र पहाडमा पहिले झै राखिदिने माग सम्पूर्ण पढेका युवा युवतीए अभिभावक आमजनताको पक्षबाट अर्गनाइजेसनद्वारा माग गरेका छन्। यसबाहेक जीटिए क्षेत्रमा अन्य परीक्षामा रेलवेए बैंकिङए सब- इन्सेकपेटर आदि केन्द्र यहीँ हुनुपर्छ। यसर्थ सबै परीक्षा केन्द्र समतलमा मात्रै राखेको हुन्छ । यस्ता बिषयमा पनि जीटिएद्वारा उचित पहल गरियोस् भनेर अर्गनाइजेसनका टोलीले अनुरोध गरेका छन्।*

## गोरामुमो खर्साङ छैटौं अनुसूची सम्झौता दिवस

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा खर्साङ ब्राञ्च कमिटीद्वारा २१वाँ छैटौं अनुसूची सम्झौता दिवस समारोह भब्य रुपमा पालन गरेको पार्टीका मिडिया सेल प्रभारी दिनेस साम्पाङले जानकारी दिनु भएको छ। खर्साङ ब्राञ्च कमिटी अध्यक्ष निमा लामाको अध्यक्षतामा सम्पन्न भएको समारोहलाई भूषण देवानले संचालन गरेका थिए। यस समारोहमा गोरामुमो शीर्ष नेतृत्व लगायत भ्रातृसंगठनका सम्पुर्ण प्रतिनिधिबर्ग साथै गोरामुमो कार्यकर्ताहरुको व्यापक उपस्थितिमा गोरामुमो संस्थापक अध्यक्ष सुवास घिसिङको तस्बिरमा दीप प्रज्वलन गरि विभिन्न संस्कृतिक कार्यक्रम बीच छैटौं अनुसूची सम्झौता दिवस समारोह सम्पन्न भयो।

## मिस नोवा कोस्मो पेजेन्ट

दार्जिलिंगको पुबुंग निवासी सुश्री साईश्रेया भण्डारी मिस नोवा कोस्मो वर्ल्डवाइड २०२५ पेजेन्ट कन्टेस्टमा भाग लिन श्रीलंकाको राजधानी कोलोम्बो पुगेकी छन्। यो सुन्दरी प्रतियोगिता ३ दिसम्बर देखि शुरू भएकोछ र ८ दिसम्बरको दिन सम्पन्न हुने छ। ड ग्रेट पेजेन्ट कम्युनिटी अनलाइन कन्टेस्ट जीते पछि सुश्री भण्डारी श्रीलंकामा हुने यस प्रतियोगिताका लागि भारतबाट छनौट भएकी हुन।

## साहित्य सुनौ परिवारको ११८ औ प्रकरण सम्पन्न

साहित्य सुनौ परिवार मिरिकको ११८ औं मासिक प्रकरण तथा साधरण सभा मिरिकको कृष्णनगरस्थित प्रेमचन्द्र ग्रामीण पुस्तकालयको प्रेक्षागृहमा सम्पन्न भयो। संस्थाका अध्यक्ष अमर दुङमालीको अध्यक्षतामा सम्पन्न भयो।

*सभामा यस वर्षदेखि साहित्य सुनौ परिवारले प्रकाशित गर्न लागेको अर्द्ध वार्षिक समसमायिक पत्रिकाबारे गहन चर्चा गरेपछि पत्रिकामा बाहिरबाट आएका लेखकहरुका लेख रचनाहरूसंगै साहित्य सुनौ परिवारभित्रका वरिष्ठ साहित्यकारहरूका मौलिक रचनाहरू पनि प्रतिनिधि लेखहरूका रूपमा समावेश गरिने भएको छ। सभाले पत्रिकाको नामाकरणसन्दुक" राखिने तय गर्यो।सन्दुक पत्रिकामा बहुमुल्य गरगहना सरह अमुल्य विभिन्न साहित्यिक रचनाहरू समावेश गरेर पत्रिका प्रकाशित गरिने निर्णय लिइएको छ। सन्दुक पत्रिका यही दिसम्बर २०२५भित्र प्रकाशित गर्ने तय भएको छ । पत्रिकाको काम अहिलेसम्म अस्सी प्रतिशत भईसकेको जानकारी संस्थाका अध्यक्ष अमर दुङमालीले जानकारी दिनुभएको छ।*

## एसआईआर दार्जिलिंग जिल्ला

दार्जिलिंग जिल्लाका अधिकांश मतदान केंद्रहरूमा बीएलओ-हरूद्वार विशेष गहन पुनरीक्षणको काम पूरा गरि सकिएकोछ। जिल्ला शासक मनिस मिश्राको कार्यालय अनुसार जिल्लामा इन्युमरेसन फारम 100% वितरित र संग्रह गरि सकिएकोछए साथै करीब 95% भन्दा बढ़ी भरिसकिएका फर्मलाई पोर्टलमा अपलोड गरिएकोछ। चुनाव आयोगले इन्युमरेसन फारम भर्नैए संग्रह गर्ने तथा अपलोड गर्ने समय सीमा 11 दिसम्बर सम्म बढाएकोले SIR को काम सय प्रतिशत पूरा गरिने छ। मतदाता सूचि पर्यवेक्षक ERO, ARO, BLO, BDO, SDM, BLA हरूले नागरिकहरूको मददले SIR को काम सहजरूपमा पूरा

गरेकोमा जिल्ला शासकले प्रशन्नता व्यक्त गरेका छन्। आम्बोटियाका बीएलओ योगेश तामंगतामंगले आफ्नो अनुभव यसरी साझा गरे।

*Byte*

**नशा मुक्त अभियान**

महिला एवं बाल विकास तथा समाज कल्याण विभाग पश्चिम बंगाल सरकार साथै DSW विभागको संयुक्त आयोजनामा नशा मुक्त अभियान अन्तर्गत गत 5 अनि 6 डिसेम्बरको दिन जनचेतना मुलक कार्यक्रम सम्पन्न गरियो। दार्जिलिङको कृपा फाउन्डेसन अनि चाइल्ड सेन्टरमा एचआईभी अनि ड्रग्सलाई लिएर वैष्णवी प्रडक्सनका नाट्य टोलीले जनचेतना मुलक नाटक मञ्चन गरेका थिए। नाटकमा रिना राया, शिवानी छेत्री अनि आदित्य राया ले रोचक प्रस्तुति दिंदै ड्रग्स साथै नशा मुक्तिको संदेश प्रदान गरे।

****** ० ******